गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको ८७ औ बैठक आज मिति २०७९।०३।२९ गतेका दिन विहान ११.०० बजे गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा वस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

## उपस्थिति

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

CS CamScanner

**निर्णय नं. १**

आगामी आ.व. २०७९।८० को लागि वस्तीस्तरवाट छनौट भई सम्बन्धित वडा समितिवाट प्राथमिकताक्रम निर्धारण गरी विभिन्न विषयगत समिति हुदै मिति २०७९।३।१० गतेको दशौ गाउँ सभाको दोश्रो बैठकमा प्रस्तुत भएको वार्षिक बजेट तथा कार्यक्रम उपर आजको यस बैठकमा विस्तृत छलफल भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर आजको यस बैठकमा छलफल हुदाँ ठेक्का प्रक्रिया मार्फत यस गण्डकी गाउँपालिका स्थित निर्माणाधिन अवस्थामा रहेका तपसिल बमोजिमका योजनाहरुको कार्यसम्पन्न गर्नु पर्ने म्याद संझौतामा उल्लेखित अवधिभित्र स्थानीय तह सदस्य निर्वाचन, २०७९, भारी वर्षात तथा आकासिँदो मूल्यवृद्धि आदीजस्ता विभिन्न कारणहरुले योजना सम्पन्न गर्न नसकिएकोले कार्य सम्पन्न अवधि थप गरि पाउँ भनि पेश हुन आएको निवेदन र कार्यालयवाट पेश भएको कागजात आजको यस बैठकमा प्रस्तुत भई छलफल भयो । सो सम्वन्धमा साँस्कृतिक स्वरुप झल्कने गरी मन्दिरहरुको निर्माण गर्ने कार्य जटिल प्रकितिको समेत भएकोले आर्थिक रुपमा पछि कुनै थप व्ययभार नपर्ने गरी पेश भए अनुसार म्याद समाप्त भएको मिति देखि लागूहुने गरी तपसिल बमोजिम म्याद कायम गरी एक पटकका लागि थप गर्ने र थप गरिएको अवधिभित्र कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम र ठेक्का नं. | निर्माण व्यवसायीको नाम | संझौता मिति | हाल कायम रहेको अवधि | म्याद थप गरिने दिन | म्याद थप पछि कायम हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | भैरवी मन्दिर निर्माण GRM/WORKS/NCB/23/ 2077/78 | सासा कन्स्ट्रक्सन | ०७८।२।२३ | ०७९।२।२५ | ४ महिना | ०७९।६।२५ |
| २ | मुन्थला मन्दिर निर्माण GRM/WORKS/NCB/22/ 2077/78 | भिजन कन्स्ट्रक्सन | ०७८।२।२३ | ०७९।२।२५ | ४ महिना | ०७९।६।२५ |

साथै मनकामना कन्स्ट्रक्सन एण्ड मल्टीपर्पोज कम्पनी प्रा.लि.को तर्फवाट निर्माण गरी सम्पन्न गरिएको ज्ञानमार्ग मा.वि. प्रशासनिक भवन निर्माण कार्यको ठेक्का अवधि मिति २०७९।२।१६ सम्म भएकोमा मिति २०७९।३।२५ सम्म अवधि थप कायम समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आर्थिक वर्षको अन्तिम महिनामा योजना रकम भुक्तानी एवं फरफारक गर्ने, योजना तर्जुमा लगायत विविध कार्यमा अति व्यस्त भई विहान वेलुकी समेत अतिरिक्त समय कामकाज गरेका गाउँपालिकामा कार्यरत कार्यलय प्रमुख सहित आर्थिक प्रशासन शाखा, योजना शाखा तथा प्रधानमन्त्री रोजगार शाखामा कार्यरत कर्मचारीहरु क्रमश: प्रमुख प्रशासकीय अधिकृत श्री वेदहरि अधिकारी, ले.अ.श्री वृद्धि प्रसाद सुवेदी, लेखापाल श्री सन्तोषी पौडेल, लेखा सहायक सागर शर्मा, योजना शाखा प्रमुख श्री गोपी कोइराला र रोजगार संयोजक श्री प्रकाश श्रेष्ठलाई आधारभूत तलव स्केलको १०० प्रतिशत तथा योजना फरफारक कार्यमा सहयोग पुर्‍याउने गाउँपालिकाका अन्य सम्पूर्ण कर्मचारीहरु, वडा सचिव तथा वडा प्राविधिक कर्मचारीहरुलाई दोहोरो प्रोत्साहन भत्ता उपलव्ध नहुने गरी आधारभूत तलवस्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता वापत उपलव्ध गराइएको खर्च अनुमोदनका लागि निर्णयार्थ गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
०७९।०३।२३
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

१) भारी वर्षातका कारण पहिरो आई क्षतिग्रस्त भएका सिंचाई , सडक लगायत संरचनाहरुको तत्काल मर्मत संभार गरी सूचारु गर्न आवश्यक भएको , विपद् खर्च शीर्षकमा पर्याप्त वजेट नभएको, साथै तत्कालै सभा तथा बैठक वसी निर्णय लिन सकिने अवस्था समेत नभएकोले उपभोक्ता समितिले कार्य गरी भुक्तानी लगी वाँकी रहेको वडा नं. ४ स्थित आधारभूत स्वास्थ्य ईकाइ भवन निरन्तरता योजनाको रकमवाट अध्यक्षज्यूले निर्णय गरी तपसिल बमोजिमको कार्यको प्राविधिक मूल्याँकन बमोजिम भएको रकम भुक्तानी एवं खर्च समर्थन गर्ने र अनुमोदनका लागि गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१) ढाँडे कुलोको वाँध र निम्वोटे कुलो वाँध वनाउने काम वडा नं. ७ भुक्तानी खर्च रु. ७१२००।००
२) फलाटे वाटो मर्मत वडा नं. ४ भुक्तानी खर्च रु. ८५०००।००
३) चुर्लिङ भन्ज्याँङ्ग पहिरो सफा वडा नं. ७ भुक्तानी खर्च रु. ६५०००।००

२) गण्डकी गाउँपालिका र गण्डकी प्रदेश सरकारको ६०।४० प्रतिशत समपुरक अनुदान वजेटमा कार्यान्वयन भएको मकैसिं लामागाउँ ऐना पहाड दलभन्ज्याँङ्ग सडकको निर्माण कार्य सम्पन्न भई भुक्तानीको लागि निकासा माग हुदाँ प्रदेश सरकारवाट कम रकम निकासा भएको कारण निर्माण व्यवसायीलाई संभौता बमोजिम भुक्तानी गर्न नपुग रकम रु. १५४०००।०० मात्र नवौ गाउँ सभावाट संशोधन गरी आग्रीडाँडा दलभन्ज्याङ्ग सडक खण्डको लागि विनियोजित वजेटवाट ज्ञानमार्ग मा.वि.लाई विनियोजन गरिएको रु. ४२ लाख मध्ये उक्त विद्यालयको कार्य गर्ने निर्माण व्यवसायीलाई भुक्तानी दिई वाँकी रहेको रकमवाट भुक्तानी दिने गरी अध्यक्षज्युवाट भएको निर्णयानुसार कार्यालयवाट भुक्तानी गरिएको रकम खर्च समर्थन गर्दै अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

३) गण्डकी गाउँपालिकाको दशौ गाउँसभाको दोश्रो वैठक अर्थात मिति २०७९।३।१० गते पश्चात गाउँपालिका कार्यालयवाट विभिन्न योजना तथा कार्यक्रमहरुमा भए गरेका भुक्तानी खर्चहरुको समर्थन गर्ने र अनुमोदनका लागि गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्थानीय तह अन्तर्गतका दरवन्दीमा रही तलव सेवा सुविधा प्राप्त गर्ने स्थायी कर्मचारीहरुको चालु आ.व. २०७८।७९ को तलवी प्रतिवेदन अनुमोदन गर्ने र आगामी आ.व. २०७९।८० को तलवी प्रतिवेदन स्वीकृतीका लागि निर्णयार्थ सभासमक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

गण्डकी गाउँपालिका वडा नं. १ (साविक मकैसिं गा.वि.स.वडा नं. १) स्थित श्री शेखर कुमार राणाको एकल हक भोगमा रहेका तपसिल वमोजिम कित्ता र क्षेत्रफल भएको जग्गाहरु यस परियोजनाको नाममा रजिष्ट्रेशन पास गर्नु पर्ने भएकोले परियोजनाको नाममा राजिष्ट्रेशन गर्दा नियमानुसार लाग्ने दस्तुरमा राजश्व छुटका लागि उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश पोखरा र जिल्ला मालपोत कार्यालय, गोरखालाई सिफारिस गरी पाउँ भनी व्लु इनर्जि (प्रा.) लि. डिल्लीवजार काठमाण्डौवाट अनुरोध

भई आएको विषय आजको यस बैठकमा पेश भई छलफल हुदाँ तपसिल बमोजिमको विवरण भएको जग्गा परियोजनाको नाममा रजिष्ट्रेशन पास गर्दा लाग्ने दस्तुरको नियमानुसार राजश्व छुटका लागि सम्बन्धित निकायमा सिफरिस गर्ने निर्णय गरियो ।

तपसिल

| जग्गा खरिद हुने स्थान | कित्ता नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|
| गण्डकी गाउँपालिका वडा नं. १ गोरखा (साविक मकैसिं गा.वि.स. वडा नं. १) | ११४९ | ५–०–०–० | श्री शेखर कुमार राण |
| | ११५० | १–५–३–० | |
| | १२५२ | २–८–०–० | |
| | ९७६ | २–०–०–० | |
| | १२५० | १–४–०–० | |
| | ८८३ | ३–१५–०–० | |
| | १५२ | ४–२–०–३ | |
| | १५४ | ०–१०–१–२ | |
| | १५५ | ७–८–१–३ | |
| | ९७७ | १–८–०–० | |
| | १२५१ | ०–१२–०–० | |
| | १२५३ | १–५–०–० | |
| | १२५४ | २–९–३–० | |

**निर्णय नं ७**

प्राथमिक स्वास्थ्य केन्द्र मकैसिंलाई स्तरोन्नती गरी १५ शैयाको अस्पतालको रुपमा विस्तार गर्न भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा आजको यस बैठकमा छलफल भयो । सो सम्बन्धमा गण्डकी गाउँपालिका वडा नं. १ (साविक महादेवडाँडा गा.वि.स. वडा नं. ४ निवासी श्री नर वहादुर गुरुङ्ग र तेज वहादुर गुरुङ्गले निशुल्क रुपमा जग्गा दान गरेको भनी जग्गादाताको मन्जुरीनामा सहित वडा कार्यालयको प.स. २०७८।७९ च.नं. ११०४ मिति २०७९।३।२८ को सिफारिस समेत प्राप्त हुन आएकोले निम्न बमोजिम विवरण अनुसार निशुल्क जग्गा प्राप्तीको लागि निर्णय गर्ने सरकारी कार्यालयको लागि नि:शुल्क जग्गा प्राप्ति समिति समक्ष शिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | निशुल्क जग्गा दिने व्यक्तिको नाम थर | जग्गा धनीको स्थायी ठेगाना | जग्गा भएको गा.वि.स. र वडा | कित्ता नं. | क्षेत्रफल | कि.काट हुने / नहुने | कित्ता काट हुने तर्फ | प्राप्त हुने क्षेत्रफल | जग्गा प्राप्ति गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नर वहादुर गुरुङ्ग | साविक मकैसिं ९ हाल गण्डकी गा.पा. वडा नं. १ | साविक महादेव डाँडा गा.वि.स.वडा नं ४, हाल गण्डकी गा.पा. वडा नं. १ मकैसिं | ६३२ | २–२–०–२ | नहुने | | पुरा | मकैसिं प्राथमिक स्वास्थ्य केन्द्र गण्डकी गा.पा. १ मकैसिं |
| २ | तेज वहादुर गुरुङ्ग | साविक महादेवडाँडा ४ हाल गण्डकी गा.पा. वडा नं. १ | | ६३३ | २–२–०–२ | हुने | नापी कार्यालय गोरखावाट एकिन गरिने | १–१४–०–२ | |

०८१।०२।२३

**निर्णय नं. ८**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ आजको यस बैठकमा प्रस्तुत भई छलफल भयो । सो सम्वन्धमा पेश भएको रणनीति, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

गण्डकी गाउँपालिका वडा नं. १ मकैसिं स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा रुपान्तरण गरी निर्माण गरिने भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य ठेक्का प्रकिया मार्फत गर्ने गरी युनिक डिजाइन एण्ड डिभलप्मेण्ट इन्जिनियरीङ्ग कन्सलटेन्सी प्रा.लि.सानेपा २ ललितपुरसँग मिति २०७९।२।१७ मा संभौता भई कार्य प्रकिया अगाडी वढाइएकोमा आवश्यक जग्गा व्यवस्थापन हुन नसकेकोले तोकिएको समयभित्र कार्यसम्पन्न हुन नसकेको भनी म्याद थपको लागि अनुरोध भई आएको हुदाँ आर्थिक व्ययभार नवढ्ने गरी म्याद समाप्त भएको मिति देखिनै लागू हुने गरी मिति २०७९।७।३० सम्मका लागि म्याद थप गरी कायम गर्ने निर्णय गरियो ।

आजको यस बैठकमा प्रस्तुत भएका छलफलका कार्यसूचीहरु उपर आवश्यक छलफलका लागि समयाभाव भएकोले भोली दिनको १२.०० वजे पून बैठक वस्ने गरी आजको बैठक स्थगित भयो ।

निर्णय प्रमाणित
०८१।०२।२५

~~१. माथि उल्लेखित निर्णय संख्या ... का विषयमा मेरो पूर्ण असहमति भएको ... मार्फत जानकारी गराउँछु ।~~

हिजो मिति २०७९।०३।२९ गतेका लागि आव्हान गरी बसेको गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको ८७ औ बैठक प्रस्तुत सबै कार्यसुची उपर छलफल गर्न समयाभाव भएको कारण स्थगित भएकोले आज मिति २०७९।३।३० गतेका दिन दिनको १२.०० वजे गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा पून: बैठक वस्यो । उपस्थिति र निर्णय देहाय वमोजिम रहेको छ ।

**उपस्थिति**

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | — |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

**निर्णय नं. १**

आगामी आ.व. २०७९।८० को लागि वस्तीस्तरवाट छनौट भई सम्वन्धित वडा समिति एवं गाउँपालिका स्थित विभिन्न विषयगत शाखाहरुवाट प्राथमिकताक्रम निर्धारण गरी विभिन्न विषयगत समितिहरु हुदै मिति २०७९।३।१० गतेको दशौ गाउँ सभाको दोश्रो वैठकमा प्रस्तुत भएको वार्षिक वजेट तथा कार्यक्रम उपर आजको यस बैठकमा विस्तृत छलफल भयो । उक्त सम्वन्धमा विभिन्न समितिहरु मार्फत पेश हुन आएको वजेट तथा कार्यक्रम स्वीकृतीका लागि निर्णयार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट नियुक्ती लिई सेवा करारमा कार्यरत रहेका विद्यालय र ओभिओटी अन्तर्गत वाहेकका सवै अस्थाई, सेवा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई कार्यालयमा पुर्याई आउनु भएको सेवा र सहयोग प्रति धन्यवाद व्यक्त गर्दै आगामी आ.व. २०७९।८० को श्रावण १ गते देखि लागू हुने गरी सेवा करार म्याद थप नगर्ने निर्णय गरियो । साथै यस सम्वन्धमा आवश्यक निर्णयार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सेवा करार, अस्थाई, ज्यालादारीमा कार्यरत कर्मचारीहरुको अवकास पश्चात गाउँपालिकाको कार्यालयमा रिक्त हुने कार्यालय सहयोगीको कार्य जिम्मेवारी गण्डकी गाउँपालिका कार्यालय अन्तर्गत पशु सेवा शाखाका कार्यालय सहयोगी श्री राम वहादुर थापालाई दिने निर्णय गरियो ।

माथि उल्लेखित निर्णयनं.२ (दुई) प्रति हाम्रो तपसिल का प्रतिनिधिहरुको पूर्ण असहमति रहेको व्यहोरा दर्ज गर्दछौं।

१. उपाध्यक्ष ललिता अधिकारी

२. वडा अध्यक्ष वाडानं ३ सुवास पन्त

३. " " " ४. राजु वाबु भण्डारी